नेपाल सरकार
अर्थ मन्त्रालय
काठमाडौं

## मस्यौदामा राय सुझाव पठाउने सम्बन्धी सूचना

भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ लाई संशोधन गरी अद्यावधिक गर्ने उद्देश्यले **"भुक्तानी तथा फर्स्यौट (पहिलो संशोधन) ऐन, २०८२"** को मस्यौदा तर्जुमा गरिएको छ। उक्त मस्यौदा उपर कुनै राय सुझाव भएमा यो सूचना प्रकाशन भएको मितिले १० दिन भित्र यस मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाको इमेल ठेगाना fsmd@mof.gov.np मा प्राप्त हुने गरी उपलब्ध गराइदिनु हुनु विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै उक्त विधेयकको मसौदा यस मन्त्रालयको वेवसाइट www.mof.gov.np बाट प्राप्त गर्न सकिने बेहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

## भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव

(क) बिधेयक तर्जुमा गर्नु परेको कारणः-

- नेपाल सरकारले आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तव्यको बुँदा नं. ३२२ मा नेपाल राष्ट्र बैंक सम्बन्धी कानूनमा सामयिक सुधार गरिने नीतिगत व्यवस्था गरेको । उक्त नीतिगत व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ मा रहेको व्यवस्थालाई अद्यावधिक गर्नु अपरिहार्य भएकोले यो विधेयक तर्जुमा गरिएको। आजको डिजिटल युगमा भुक्तानी प्रणालीहरु द्रुत, सुरक्षित, पारदर्शी र भरपर्दो हुनुपर्ने हुन्छ। यस्ता डिजिटल भुक्तानी प्रणाली, सेवा र फर्स्यौटका विधिले कुनै पनि देशको आर्थिक समृद्धि र वित्तीय प्रणालीको सञ्चालन तथा विकासमा आधारभूत भूमिका खेल्ने गर्दछन्।
- ऐनमा भएका साविकका व्यवस्थालाई कार्यसञ्चालनको क्रममा अनुभूत भएका समस्या समेत निराकरण गर्ने गरी अद्यावधिक गर्न आवश्यक भएको।
- भुक्तानी तथा फर्स्यौट ऐनले नेपाल राष्ट्र बैंकलाई भुक्तानी प्रणाली सञ्चालक र भुक्तानी सेवा प्रदायक संस्थालाई अनुमति दिने, नियमन गर्ने, सुपरिवेक्षण गर्ने र नियामकिय कारवाही गर्ने अधिकार प्रदान गरेकोछ। यस ऐनमा रहेका विद्यमान व्यवस्थालाई थप स्पष्ट बनाउन सामयिक सुधार गर्न आवश्यक देखिएको।
- हाल विद्यमान भुक्तानी तथा फर्स्यौट सम्बन्धी ऐनमा केही अस्पष्टता, अधुरो प्रावधान तथा प्राविधिक कमी कमजोरीहरु रहेकोले भुक्तानी प्रणालीहरुमा चुनौती देखिन लागेको। अन्तरबैंक भुक्तानी, वास्तविक समय भुक्तानी (Real Time Gross Settlement) र ई-वालेट लगायतका डिजिटल भुक्तानी माध्यम र सेवालाई थप पारदर्शि र सुरक्षीत बनाउन आवश्यक रहेको छ। विद्यमान कानूनमा ग्राहकको

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

संरक्षण लगायतका विषयमा अत्यावश्यक व्यवस्था अपुग भएको देखिन्छ। समग्र भुक्तानी प्रणालीलाई सुरक्षित नबनाएमा समग्र आर्थिक गतिविधिमा अवरोध पुग्न सक्ने हुन्छ।

- साथै, अन्तर्राष्ट्रिय स्तरमा भुक्तानी प्रणाली र सेवा अत्याधिक प्रतिस्पर्धात्मक र अत्याधुनिक प्रविधिमा आधारित भइरहेका छन्। नेपालले पनि यस्ता आधुनिक भुक्तानी प्रणाली र सेवालाई क्रमश आत्मसाथ गरी आफ्नो भुक्तानी प्रणाली र व्यवस्थालाई सुदृढ बनाउनु आवश्यक छ। यस ऐनको संशोधनले नेपाल राष्ट्र बैंकको नियमन, सुपरिवेक्षण लगायतका क्षमता मजबुत पार्नेछ र देशभरिका भुक्तानी प्रणाली, सेवा तथा फस्यौंट सम्बन्धी कार्यहरू थप सहज र प्रभावकारी हुनेछ।

(ख) विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभावः

- यस विधेयकले अन्तर्राष्ट्रिय स्तरको डिजिटल भुक्तानी प्रणालीलाई कानूनी मान्यता प्रदान गरेर वित्तीय सेवामा पहुँच विस्तार गर्ने उद्देश्य राख्दछ। वित्तीय सेवाको पहुँचलाई सबै वर्ग, क्षेत्र र समुदायसम्म पुर्याउनु मानव अधिकारको आधारभूत हिस्सा हो। यो विधेयकले नागरिकलाई सुरक्षित, छिटो र विश्वसनीय भुक्तानी माध्यम उपलब्ध गराई आर्थिक र सामाजिक समानताको प्रर्वद्धन गर्नेछ।
- विधेयकले ग्राहकलाई भुक्तानी प्रणालीमा हुने ठगीबाट सुरक्षा दिने कानूनी आधार तयार गर्नेछ। यसले गर्दा ग्राहकको वित्तीय हित र गोपनीयता सुनिश्चित हुने र वित्तीय कारोबारमा विश्वासनियता प्रर्वद्धन हुनेछ। यस्ता वित्तीय ग्राहकको सुरक्षाले सामाजिक सहभागितामा अभिवृद्धि गर्नेछ। यसले आर्थिक रूपमा पछाडि रहेका वर्गहरूलाई वित्तीय समावेशितामा जोड्न समेत मद्दत पुर्याउनेछ।

(ग) विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभावः

- विधेयकबाट नेपालको भुक्तानी प्रणाली थप प्रभावकारी, सुरक्षित र विश्वसनीय बन्नेछ। यसको परिणाम स्वरूप आर्थिक कारोबारमा तीव्रता आउनेछ, जसले व्यापारिक गतिविधि, लगानी र समग्र अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्नेछ। डिजिटल भुक्तानी प्रणालीको विकासले नगद कारोबारमा निर्भरता घटाउनेछ। साथै, विधेयकले निजी क्षेत्रको सहभागिता अभिवृद्धि गर्ने संरचना विकास गर्ने भएकाले राज्यको वित्तीय भारमा कुनै प्रत्यक्ष वृद्धि नहुने देखिन्छ। यस विधेयकले भुक्तानी प्रणालीको डिजिटलीकरणलाई बलियो बनाइ वित्तीय कारोबारको लागत घटाउनेछ र कार्यदक्षतामा वृद्धि गर्नुका साथै कारोवारमा सहजता ल्याइ आर्थिक विकासलाई गति दिनेछ।

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

(घ) विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोगः

- भुक्तानी प्रणालीमा डिजिटल प्रविधिको समावेशीकरणले आर्थिक कारोबारलाई तीव्र बनाउने मात्र होइन, रोजगारी सिर्जना, गरिबी निवारण, र वित्तीय समावेशिता बढाउने कार्यमा महत्वपूर्ण योगदान पुर्याउनेछ। प्रविधिमा आधारित भएकोले भुक्तानी प्रणाली मार्फत महिला, पिछडिएका वर्ग तथा सिमान्तकृत समुदायलाई पनि आर्थिक तथा वित्तीय पहुँच दिलाउन यो विधेयक सहयोगी हुनेछ।

- यस विधेयकले दिगो विकास लक्ष्यहरू मर्यादित काम र आर्थिक वृद्धि, पूर्वाधार, उद्योग र नवप्रवर्तन र वित्तीय पहुँचमा असमानता न्यूनीकरण गर्न महत्वपूर्ण भूमिका खेल्नेछ। सुरक्षित र विश्वसनीय वित्तीय प्रणालीमार्फत नवप्रवर्तन र पूर्वाधार विकासलाई प्रोत्साहन हुनेछ। यसले आर्थिक समावेशितालाई विस्तार गर्नेछ जसबाट दीगो र समृद्ध समाज निर्माणमा मद्दत पुग्नेछ।

(ङ) विधेयकको व्यवस्थाबाट सुशासन प्रवद्र्धनमा पर्ने प्रभावः

- डिजिटल भुक्तानी प्रणालीको प्रभावकारी व्यवस्थापनले पारदर्शिता र जवाफदेहितामा वृद्धि गर्नेछ। यसले डिजिटल भुक्तानी प्रणालीको अभिलेखिकरण र लेखापरीक्षण प्रणालीलाई बलियो बनाउने भएकाले सुशासन कायम गर्न सहयोग पुग्नेछ। राष्ट्र बैंक र अन्य सम्बद्ध निकायहरूले आफ्नो नियामकीय जिम्मेवारीहरू स्पष्ट र प्रभावकारी तरिकाले निर्वाह गर्न सक्षम हुने हुँदा यसले समग्र वित्तीय प्रणालीमा सुशासनको प्रर्वद्धन गर्नेछ। सुशासनको प्रर्वद्धनले वित्तीय प्रणालीमा आम जनताको विश्वास बढाउने छ र आर्थिक स्थायित्व र सम्वृद्धिमा मद्दत पुग्नेछ। भुक्तानी सेवा वा प्रणाली सम्बन्धी सूचना, जानकारी वा तथ्याङ्क प्रविधि प्रदायक संस्थालाई वा अन्य संस्थालाई उपलब्ध गराउनुपर्ने भएमा राष्ट्र बैंङ्कले तोकेको मापदण्ड अनुसार गराउनुपर्ने व्यवस्था कायम हुनेछ।

(च) विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोगः

- यस विधेयकले प्रत्यक्ष रूपमा जलवायु अनुकूलनमा सहयोग पुर्याउने देखिँदैन। तथापि, कागजी कारोबारमा निर्भरता घटाएर डिजिटल भुक्तानी प्रणालीलाई प्रवद्र्धन गर्नु वातावरणमैत्री अभ्यास हो। यसले कागजको प्रयोग कम गराउने, प्रकृति संरक्षणमा सहयोग पुर्याउने र डिजिटल प्रणालीमा आधारित आर्थिक क्रियाकलापलाई प्रोत्साहित गर्नेछ।

(छ) अन्य आवश्यक विषयः

- यस विधेयकमार्फत नेपालको भुक्तानी प्रणालीमा नेपाल राष्ट्र बैंकको नियामकीय दायरा फराकिलो हुने र भुक्तानी प्रणालीसम्बन्धी विद्यमान अन्तर्राष्ट्रिय अभ्यासहरूसँग सुसंगत हुनेछ। यसले नेपालको

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

डिजिटल अर्थतन्त्र विकास गर्न आवश्यक कानूनी आधार तयार गर्नेछ। यो विधेयकबाट नेपालको भुक्तानी प्रणाली र सेवा सम्वृद्ध वित्तीय क्षेत्र र प्रतिस्पर्धात्मक बन्ने अपेक्षा गरिएको छ। यसले नेपालको भुक्तानी प्रणालीलाई आधुनिक बनाउन मद्दत पुर्याउनेछ र आम नागरिकलाई बढी सुरक्षित र पहुँचयोग्य वित्तीय सेवा उपलब्ध गराउनेछ। साथै, अनुमतिपत्र खारेज भएको वा नवीकरण नभएका संस्थाले आफ्ना ग्राहकको ई-मनी वापतको रकम ग्राहकलाई ३० दिनभित्र फिर्ता गर्नुपर्ने व्यवस्था कायम भई भुक्तानी सेवामा विश्वासनीयता सिर्जना हुने देखिन्छ।

## भुक्तानी तथा फस्यौंट ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावनाः** भुक्तानी तथा फस्यौंट ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसद्‌ले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "भुक्तानी तथा फस्यौंट (पहिलो संशोधन) ऐन, २०८२ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **भुक्तानी तथा फस्यौंट ऐन, २०७५ को दफा २ मा संशोधनः** भुक्तानी तथा फस्यौंट ऐन,२०७५ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छः–

"(ङ१) "प्रविधि प्रदायक संस्था" भन्नाले बैंङ्क तथा वित्तीय संस्था वा भुक्तानी सम्बन्धी कार्य गर्ने संस्थालाई सूचना प्रविधिमा आधारित भुक्तानी कार्यसँग सम्बन्धित कुनै प्रविधि वा प्रणाली वा कुनै सफ्टवेयर प्रदान गर्ने संस्था सम्झनु पर्छ।"

(२) खण्ड (ठ) मा रहेका "संस्था र सेवाग्राही बीचमा" भन्ने शब्दहरु झिकिएको छन्।

३. **मूल ऐनको दफा ३ मा संशोधनः** मूल ऐनको दफा ३ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) देहायका अध्यक्ष र सदस्य रहेको एक राष्ट्रिय भुक्तानी बोर्डको गठन गरिएको छः-

(क) बैङ्कको गभर्नर - अध्यक्ष

(ख) अर्थ मन्त्रालयको सचिव - सदस्य

(ग) महालेखा नियन्त्रक - सदस्य

(घ) बैङ्कको सम्बन्धित क्षेत्र हेर्ने डेपुटी गभर्नर -सदस्य

(ङ) नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्ष - सदस्य

(च) आर्थिक, मौद्रिक, बैंकिङ्ग, वित्तीय, व्यवस्थापन, सूचना प्रविधि वा वाणिज्य कानूनमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रको पाँच वर्ष अनुभव भएका विज्ञ व्यक्तिमध्ये नेपाल सरकारबाट मनोनीत एक जना - सदस्य

(छ) बैङ्कको भुक्तानी प्रणाली विभागको कार्यकारी निर्देशक

- सदस्य-सचिव "

(२) उपदफा (२) र (३) मा रहेका "खण्ड (ग)" भन्ने शब्दहरुको सट्टा "खण्ड (च)" भन्ने शब्दहरु राखिएका छन् ।

४. <u>मूल ऐनको दफा ४ मा संशोधनः</u> मूल ऐनको दफा ४ को खण्ड (घ) मा रहेका " कम्पनी र सञ्चार सेवा प्रदायकलाई समय समयमा आवश्यक " भन्ने शब्दको सट्टा "संस्था, सञ्चार सेवा प्रदायक वा सम्बद्ध निकायलाई" भन्ने शब्दहरु राखिएका छन्।

५. <u>मूल ऐनको दफा ५ मा संशोधनः</u> मूल ऐनको दफा ५ को,-

(१) दफा शिर्षक पछि "(१)" भन्ने अङ्क थपिएको छ।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्कले कुनै नयाँ प्रकृतिको भुक्तानी सेवाका सम्बन्धमा आवेदन माग गरी परीक्षणको लागि सेवा सञ्चालन गराउन सक्नेछ।

(३) उपदफा (२) पछि देहायको उपदफा (३) राखिएको छः-

"उपदफा (२) वमोजिमको परीक्षणको अवधि, सीमा र अन्य व्यवस्था बैङ्कले तोके बमोजिम हुनेछ।"

६. <u>मूल ऐनको दफा ६ मा संशोधनः</u> मूल ऐनको दफा ६ को,-

(१) उपदफा (२) मा रहेको "भए तापनि" भन्ने शब्दहरु पछि "यो उपदफा प्रारम्भ हुनुपूर्व अनुमति प्राप्त संस्था वा" भन्ने शब्दहरु राखिएको छ।

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्क तथा वित्तीय संस्था र भुक्तानी सेवा प्रदायक संस्थाले यस ऐन बमोजिम भुक्तानी सेवा सम्बन्धी काम गर्ने गरी एजेण्ट नियुक्त गर्न सक्नेछ। ।

७. <u>मूल ऐनको दफा ८ मा संशोधनः</u> मूल ऐनको दफा ८ को उपदफा (२) पछि देहायको उपदफा (३) र (४) थपिएका छन्:-

"(३) विदेशमा स्थापना भई कम्तीमा दश मुलुकमा भुक्तानी सम्बन्धी कारोबार गरिरहेका र बैङ्कले निर्धारण गरेको योग्यता पुगेका संस्थाले नेपालमा त्यस्तो कारोबार गर्न चाहेमा अनुमतिका लागि बैङ्कमा निवेदन दिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदन मनासिव देखिएमा बैङ्कले शर्त तोकी अनुमति दिन सक्नेछ।"

८. <u>मूल ऐनको दफा ११ मा संशोधनः</u> मूल ऐनको दफा ११ को उपदफा (१) को खण्ड (क) पछि देहायको खण्ड (क१) थप गरिएको छः-

"(क१) प्रस्तावित कारोबारको प्रकृति र व्यावसायिक योजना अनुमति माग गरिएको विषयसँग मिल्दो नदेखिएमा,"

९. मूल ऐनको दफा १२ मा संशोधनः मूल ऐनको दफा १२ को उपदफा (२) को अन्त्यमा देहायको प्रतिवन्धात्मक वाक्य थपिएको छः-

"तर बैङ्कको तथा वित्तिय संस्थाको हकमा यो व्यवस्था लागू हुने छैन।"

१०. मूल ऐनको दफा १३ मा संशोधनः मूल ऐनको दफा १३ को,-

(१) उपदफा (१) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर बैङ्क तथा वित्तिय संस्थाले प्राप्त गरेको अनमुतिपत्र नवीकरण गर्नु पर्ने छैन।"

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) विदेशमा स्थापना भई नेपालमा कारोबार गर्न अनुमतिपत्र प्राप्त संस्थाको अनुमति पत्रको अवधि र नवीकरण सम्बन्धी प्रक्रिया बैङ्कले तोके बमोजिम हुनेछ।"

११. मूल ऐनको दफा १४ मा संशोधनः मूल ऐनको दफा १४ को दफा शीर्षक तथा उपदफा (१) र (२) मा रहेका "भुक्तानी उपकरण" भन्ने शब्दहरु पछि "वा सेवा" भन्ने शब्दहरू थपिएका छन्।

१२. मूल ऐनको दफा १८ मा संशोधनः मूल ऐनको दफा १८ को उपदफा (१) मा रहेका "बैङ्कबाट भुक्तानी, समाशोधन तथा फर्स्यौटको सम्बन्धमा" भन्ने शब्दहरु झिकिएका छन्।

१३. मूल ऐनको दफा १९ मा संशोधनः मूल ऐनको दफा १९ को उपदफा (४) मा रहेको "सामान्यतयाः" भन्ने शब्दको सट्टामा "बढीमा" भन्ने शब्द राखिएको छ।

१४. मूल ऐनको दफा २१ मा संशोधनः (१) मूल ऐनको दफा २१ मा रहेका "(वित्तीय) स्वीच र भुक्तानीद्वार (पेमेन्ट गेट वे)" भन्ने शब्दहरुको सट्टा "स्वीच" भन्ने शब्द राखिएको छ।

१५. मूल ऐनको दफा २५ मा संशोधनः मूल ऐनको दफा २५ को उपदफा (२) मा रहेको "वित्तीय र समग्र भुक्तानी प्रणालीको" भन्ने शब्दहरुको सट्टा "आर्थिक तथा वित्तीय स्थितिको" भन्ने शब्दहरु राखिएका छन्।

१६. मूल ऐनको दफा २७ मा संशोधनः मूल ऐनको दफा २७ को खण्ड (ग) मा रहेका "संस्थाको बैङ्क मौज्दात" भन्ने शब्दहरु पछि "तथा इ-मनीको मौज्दात," भन्ने शब्दहरु थपिएका छन्।

१७. मूल ऐनको दफा २८ मा संशोधनः मूल ऐनको दफा २८ को,-

(१) उपदफा (२) मा रहेको "संस्थाले" भन्ने शब्द पछि "सेवाग्राहीको व्यक्तिगत विवरणको गोपनीयता कायम गरी त्यस्तो" भन्ने शब्दहरु थपिएका छन्।

(२) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) संस्थामा रहेको ग्राहकको विवरण, वित्तीय सूचना वा तथ्याङ्क प्रविधि प्रदायक संस्था वा अन्य संस्थालाई उपलब्ध गराउँदा बैङ्कले तोकेको मापदण्ड पालना गर्नु पर्नेछ।"

१८. मूल ऐनको दफा ३१ मा संशोधनः मूल ऐनको दफा ३१ को उपदफा (१) को,-

(१) खण्ड (छ) मा रहेको "(वालेट)" भन्ने शब्द झिकिएको छ।

(२) खण्ड (ज) पछि देहायको खण्ड (ज१) थपिएको छः-

"(ज१) ड्राफ्ट"

१९. मूल ऐनको दफा ३२ मा संशोधनः मूल ऐनको दफा ३२ को,-

(१) उपदफा (१) र (२) मा रहेका "बैङ्क वा संस्थाले" भन्ने शब्दहरुको सट्टा "संस्थाले" भन्ने शब्द राखिएको छ।

(२) उपदफा (२) को स्पष्टीकरण खण्डको अन्त्यमा रहेको "कम्पनीहरु बीच भएको कारोबारको बैङ्क मार्फत" भन्ने शब्दहरुको सट्टा "पक्षहरु बीच भएको कारोबारको" भन्ने शब्दहरु राखिएका छन्।

२०. मूल ऐनको दफा ३३ मा संशोधनः मूल ऐनको दफा ३३ को उपदफा (७) पछि देहायको उपदफा (८) र (९) थपिएका छन्।

"(८) बैंङ्कले अन्तिम फस्यौंट गर्ने प्रयोजनको लागि बैंङ्क तथा वित्तीय संस्थालाई तरलता सुविधा उपलब्ध गराउन सक्नेछ । त्यस्तो तरलता सुविधाको रकम, प्रक्रिया, अवधि तथा ब्याजदर लगायतका विषयहरु बैंङ्कले तोके बमोजिम हुनेछ ।

(९) कुनै संस्था दामासाहीमा परेमा यस ऐन बमोजिमको कारोबारको हस्तान्तरण तथा फस्यौंट गरेपछि मात्र दामासाहीसम्बन्धी प्रचलित कानून बमोजिमको व्यवस्था लागू हुनेछ।"

२१. मूल ऐनको दफा ३५ मा संशोधनः मूल ऐनको दफा ३५ को,-

(१) उपदफा (२) मा रहेको "आदेश बमोजिम" भन्ने शब्दहरुको सट्टा "आदेशको उल्लंघन गर्ने वा " भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (२) पछि देहायको उपदफा (२क) र (२ख) थपिएका छन्:-

"(२क) बैंङ्कले दिएको अनुमतिपत्र खारेजी पछि संस्थाको खारेजी तथा कारोबारको फरफारक प्रचलित कानून बमोजिम हुनेछ।

(२ख) उपदफा (२क) बमोजिम अनुमतिपत्र खारेज भएको वा दफा १३ बमोजिम अनुमतिपत्र नवीकरण नभएका संस्थाले ई-मनी वापतको रकम तीस दिनभित्र ग्राहकलाई फिर्ता गर्नु पर्नेछ।"

(३) उपदफा (३) को "वा (२) बमोजिम" भन्ने शब्दहरुको सट्टा "को खण्ड (क) वा उपदफा (२) को खण्ड (क) को अवस्थामा बाहेक" भन्ने शब्दहरु राखिएका छन्।

२२. मूल ऐनको दफा ३६ मा संशोधनः मूल ऐनको दफा ३६ खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छः-

"(ज) यो ऐन वा यस ऐन अन्तर्गत बनेको विनियम, कार्यविधि वा आदेश विपरीत अन्य कुनै कार्य गरेमा।"

२३. <u>मूल ऐनको दफा ३८ मा संशोधनः</u> मूल ऐनको दफा ३८ मा रहेका "नेपाल सरकार वादी हुनेछ" भन्ने शब्दहरु पछि "र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ।" भन्ने शब्दहरु थपिएका छन्।

२४. <u>मूल ऐनको दफा ४३ मा संशोधनः</u> मूल ऐनको दफा ४३ को,-

(१) उपदफा (२) मा रहेको "भुक्तानी प्रणाली विभागमा" भन्ने शब्दहरुको सट्टा "गुनासो सुन्ने इकाईमा" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (३) र (४) मा रहेको "बैङ्कले" भन्ने शब्दको सट्टामा "बैङ्कको गुनासो सुन्ने इकाईले" भन्ने शब्दहरु राखिएका छन्।

२५. <u>मूल ऐनको दफा ४४ मा संशोधनः</u> मूल ऐनको दफा ४४ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) यस ऐन बमोजिम सम्पादन हुने कुनै कामको सम्बन्धमा संस्थाहरू बीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद समाधान गर्न देहाय बमोजिमको एक विवाद समाधान समिति रहनेछः-

(क) बैङ्कको डेपुटी गभर्नर (सम्बन्धित विभाग हेर्ने) - अध्यक्ष

(ख) सहसचिव, अर्थ मन्त्रालय - सदस्य

(ग) सहमहालेखा नियन्त्रक, महालेखा नियन्त्रकको कार्यालय - सदस्य

(घ) बैंङ्कको कानून महाशाखा प्रमुख - सदस्य

(ङ) बैङ्कको भुक्तानी प्रणाली विभागको कार्यकारी निर्देशक - सदस्य-सचिव"

(२) उपदफा (२) मा रहेको "विवाद उत्पन्न भएमा" भन्ने शब्दहरु पछि "त्यस्तो विवादको समाधान त्यस्ता संस्था बीच भएको सम्झौता बमोजिम गर्नु पर्नेछ। त्यसरी पक्षहरुबीच सम्झौता हुन नसकेमा" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः-

"(६) बैङ्कको भुक्तानी प्रणाली विभागले विवाद समाधान समितिको सचिवालयको रुपमा काम गर्नेछ।"

२६. <u>मूल ऐनमा दफा ४५क. र ४५ख. थपः</u> मूल ऐनको दफा ४५ पछि देहायको दफा ४५क. र ४५ख. थपिएका छन्:

"४५क. <u>यस ऐन बमोजिम हुनेः</u> यो ऐन वा यस ऐन अन्तर्गत बनेको विनियम र कार्यविधि बमोजिम भए गरेका आरटिजिएस तथा भुक्तानी सम्बन्धी कारोबार तथा फर्स्योट यसै ऐन बमोजिम भएको मानिनेछ।

४५ख. नियमन गर्ने अधिकारः (१) बैङ्कलाई संस्थाको नियमन गर्ने अधिकार हुनेछ।

(२) उपदफा (१) बमोजिम नियमन गर्दा बैङ्कले दिएको निर्देशनको पालना गर्ने कर्तव्य संस्थाको हुनेछ।"

२७. मूल ऐनको दफा ४६ मा संशोधनः मूल ऐनको दफा ४६ को सट्टा देहायको दफा ४६ राखिएको छः–

"४६. बैङ्कको विनियिम, कार्यविधि र आदेश जारी गर्न सक्नेः यो ऐन कार्यान्वयन गर्न बैङ्कले आवश्यक विनियम, कार्यविधि र आदेश जारी गर्न सक्नेछ।"